# सूचनाको हक सम्बन्धि ऐन २०६४ को दफा ५(३) बमोजिमको विवरण देहाय बमोजिम रहेको छ ।

मितिः २०८१/०४/१७

## क) निकायको स्वरुप र प्रकृति

संयुक्त राज्य अमेरिकामा सन् १९२१ मा संस्थापित तथा नेपालको प्रचलित बीमा ऐनबमोजिम सम्वत् २०५८ साल साउन १८ गते दर्ता भई नेपाल बीमा प्राधिकरणबाट जीवन बीमा व्यवसाय गर्न इजाजत पत्र प्राप्त तथा कम्पनी ऐन २०६३ को दफा १५४ उपदफा २ अनुसार दर्ता नं. ६/०६२/०६३ अन्तर्गत नेपालमा विदेशी कम्पनीको शाखाको रुपमा कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भई संचालित जीवन बीमा कम्पनी हो ।

## ख) निकायको काम, कर्तव्य र अधिकार

नेपालको प्रचलित बीमा कानून बमोजिमको काम, कर्तव्य र अधिकार यस बीमा कम्पनीमा निहित रहेको छ ।

## ग) निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण

हाल यस कम्पनीमा १६९ जना कर्मचारीहरु कार्यरत छन् । कम्पनीले तोकेको कार्य विभिन्न कर्मचारीहरुको मार्फत भइरहेको छ । व्यवस्थापन तह तथा शाखा प्रमुखहरुको नामावली कम्पनीको वेभसाइट www.metlife.com.np मा उपलब्ध छ ।

## घ) निकायबाट प्रदान गरिने सेवा

यस कम्पनीबाट विभिन्न जीवन बीमा, दुर्घटना तथा स्वास्थ्य बीमा र सामुहिक बीमा जस्ता बीमा योजनाहरु सम्बन्धी सेवाहरु प्रदान गरिँदै आएको छ ।

## ङ) सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी

सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारीको विवरण यस कम्पनीको वेभसाइट www.metlife.com.np मा प्रकाशित गरिएको छ ।

## च) सेवा प्रदान गर्न लाग्ने दस्तुर र अवधि

सामान्य जीवन बीमा, दुर्घटना तथा स्वास्थ्य बीमा र सामुहिक बीमाको हकमा बीमा प्राधिकरणको स्वीकृति तथा प्राधिकरणद्वारा समय समयमा जारी गरिने निर्देशन बमोजिमको बीमाशुल्क तथा अन्य बीमाको हकमा कम्पनीको जोखिमाङ्कन विभाग तथा पुनर्बीमकबाट तोकिए बमोजिमको बीमाशुल्क भुक्तानी पश्चात् तत्कालै बीमालेख उपलब्ध गराइन्छ । साथै दावी परेमा आवश्यक सम्पूर्ण कागजात तथा जानकारी प्राप्त भएको मितिले १५ दिन भित्र दायित्व निर्धारण गरि भुक्तानी पूर्जी (डिस्चार्ज भाउचर) जारी गरिन्छ र यसरी जारी गरेको भुक्तानी पूर्जी निवेदकबाट प्राप्त भएको मितिले १५ दिन भित्र बीमा दावीकर्ताको बैंक खातामा बीमा दावी भुक्तनी गरिन्छ ।

## छ) निर्णय गर्ने प्रकृया र अधिकारी

बीमा कारोबारको सम्बन्धमा विभिन्न तहका अधिकारीहरुले निर्णय गर्न सक्ने प्रकृया मिलाईएको छ । नियमित कार्य संचालन सम्बन्धमा प्रमुख कार्यकारी अधिकृत तथा कम्पनीको मुख्य तथा क्षेत्रीय कार्यालयहरु अन्तिम निर्णयकर्ताको रुपमा रहेका छन् ।

## ज) निर्णय उपर उजुरी सुन्ने अधिकारी

उजुरीको प्रकृति अनुसार विभागीय प्रमुखहरु, प्रमुख कार्यकारी अधिकृत ।

## झ) सम्पादन गरेको कामको विवरण

नेपालको प्रचलित बीमा कानून र नेपाल बीमा प्राधिकरणले तोके बमोजिम जीवन बीमा कम्पनीले गर्न सक्ने बीमा सम्बन्धि सम्पूर्ण कारोवारहरु सम्पादन भईरहेका छन् ।

## ञ) सूचना अधिकारी र प्रमुखको नाम र पद

सूचना अधिकारीको नाम : श्री देव किशोर लाल, हेड अफ अपरेसन

सूचना प्रमुखको नाम : श्री निर्मल काजी श्रेष्ठ, भाइस प्रेसिडेन्ट तथा जनरल मेनेजर

## ट) ऐन, नियम, विनियम वा निर्देशिकाको सूचि

कम्पनी ऐन २०६३, बीमा ऐन, २०७९ तथा नियमावली २०४९, नेपाल बीमा प्राधिकरणद्वारा जारी निर्देशन, परिपत्र, संस्थागत सुशासन निर्देशिका, श्रम ऐन २०७४ तथा नियमावली २०७५, बोनस ऐन २०३० तथा नियमावली २०३९ , आयकर ऐन २०५८ तथा नियमावली २०५९, सम्पत्ति शुद्धिकरण ऐन, २०६४ र नियामवली, २०७३ आदि ।

## ठ) आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण

यस कम्पनीको आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी त्रैमासिक अद्यावधिक विवरणहरु राष्ट्रिय स्तरको पत्रिकामा प्रकाशित हुदैं आएको छ साथै यस कम्पनीको वेबसाइट www.metlife.com.np मा पनि उक्त विवरणहरु राखिएका छन् ।

## ड) तोकिए बमोजिम अन्य विवरण नभएको

**साथै सूचनाको हक सम्बन्धि नियमावली, २०६५ को नियम ३ बमोजिमको विवरण देहाय बमोजिम रहेको छ ।**

क) अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम आयोजना गरेको भए सो को विवरण

अभिकर्ता सम्मेलन, कर्मचारी तथा अभिकर्ता तालिम (भर्चुअल समेत), सेमिनार भर्चुअल समेत, भर्चुअल कर्मचारी टाउनहाल आदि ।

ख) सार्वजनिक निकायको वेबसाइट भए सो को विवरण
www.metlife.com.np

ग) सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण
नभएको ।

घ) सार्वजनिक निकायले सञ्चालन गरेको कार्यक्रम र सो को प्रगति प्रतिवेदन
नियमित व्यवसाय वाहेक कुनै कार्यकम सञ्चालन नभएको ।

ङ) सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि
सूचना वर्गीकरण नभएको । सूचनाको संरक्षण प्रचलित कानूनले तोकेको अवधि सम्म संरक्षण गर्ने व्यवस्था रहेको ।

च) सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिइएको विषय
नभएको ।

छ) सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भए सोको विवरण

यस कम्पनीको वेबसाइट तथा राष्ट्रिय स्तरको पत्रिकामा ।

**अमेरिकन लाइफ इन्स्योरेन्स कम्पनी**
नारायणी कम्प्लेक्स, पुल्चोक, पो.ब.नं. ११५९०, काठमाडौं, नेपाल
फोनः (+९७७-१) ५९७०१६६, ५४५५१६६
टोल फ्रि: १६६०-०१-५५५५५ (नेपाल टेलिकम)
इमेलः service-nepal@metlife.com.np
वेब साईटः www.metlife.com.np